सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ अंक १२४ २०८० साल, माघ २ गते मंगलबार Tuesday 16 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४


## बाराको कलैयामा आइसियु सहितको योगशीला हस्पिटल खुल्यो




***शुभम सन्देश,***
***बिरगंज, १ माघ***

कलैया, बाराको कलैयामा आइसियुसहितको सुबिधा सम्पन्न योगशीला हस्पिटल खुलेको छ । कलैया उपमहानगरपालिका(६ अस्पताल रोडमा सुबिधा सम्पन्न योगशिला हस्पिटल प्रा।लि को आज देखि संचालनमा आएको छ । योगशीला हस्पिटल प्रा।लिका प्रबन्धक पवन गुप्ताको अध्यक्षता भएको एक कार्यक्रमका बीच प्रमुख अतिथि बारा क्षेत्र (३ ख का पुर्व प्रदेश सभा सदस्य पारस प्रसाद साहले रिबन काटेर उद्घाटन गरेका छन् ।

उद्घाटन गर्दै प्रमुख अतिथि साहले हस्पिटलले यस भेगका जनताको लागि महत्वपूर्ण सहयोग पुग्ने बताउदै डा। साहले बिगतमा पनि सहयोग गरेको उदाहरण भएकाले छिटै सबैको पहिलो रोजाई बन्नेमा आफू आशाबादी रहेको बताएका छन् ।

२४ सै घण्टा ईमर्जेन्सी सेवा,कम्प्युटराइज ल्याब,डिजिटल एक्सरे,आईसियु,एन आईसियु, अपरेसन सेवा,हाड तथा जोर्नी सेवा,नवजात शिशु तथा बाल रोग सेवा,फिजिसियन सेवा,जेनेरल सर्जरी एवम् आधुनिक मेसिन र फार्मेसी सहितको सेवा उपलब्ध गराईने हस्पिटलका प्रबन्धक पवन गुप्ताले बताए ।

प्रबन्धक गुप्ताका अनुसार उक्त हस्पिटल १५ बेडको रहेको छ । गुप्ताले गरिब बिपन्न परिवारका लागि पनि बिशेष सहुलियतमा उपचार सेवा उपलब्ध गराईने बताए। हस्पिटलका अनुसार २४ घण्टा सेवा प्रदान गरिने छ । पाठेघरको शल्यक्रिया,अपेन्डिकस,हाईड्रोसिल,हर्निया र फिस्टुला आदिको आधुनिक मेसिनद्रारा शल्यक्रिया गरिने डा। सुमन प्रसाद साहले जानकारी दिएका छन् ।

उक्त कार्यक्रममा हस्पिटलका मुख्य डा. सुमन प्रसाद साह,डा. विकेश पाण्डे,समाजवादी युवा संघ बाराका अध्यक्ष सुजित पाण्डे,नेकपा एमाले पार्टी बाराका जिल्ला सचिवालय सदस्य पुरुषोत्तम साह,कलैया उपमहानगरपालिका वार्ड नम्बर १ का वार्ड सदस्य शशी दास ब्रेटली,प्रादेशिक अस्पताल कलैया ईमर्जेन्सी वार्डका प्रमुख प्रदिप यादव, रोशन पटेल,प्रादेशिक अस्पताल कलैया ब्लड बैंकका इन्चार्ज राजाबाबु गुप्ता,अनिल कुशवाहा,कानु समाज बाराका अध्यक्ष नागेन्द्र प्रसाद साह,स्वास्थ्यकर्मी, तथा स्थानीयहरुको उपस्थिति रहेको थियो ।

## स्वर्गीय गोपाल गिरी स्मृति क्रियाशील पत्रकारिता पुरस्कारबाट बृजलाल पासवान सम्मानीत

***शुभम सन्देश,***
***बिरगंज, १ माघ***




वीरगञ्जका पुराना पत्रकार एवं राजनीतिकर्मी स्वर्गीय गोपाल गिरीको स्मृतिमा स्थापना गरिएको क्रियाशील पत्रकारिता पुरस्कार वीरगन्जका पत्रकार बृजलाल पासवानलाई प्रदान गरिएको छ। नेपाल पत्रकार महासंघ पर्सा शाखाले सोमबार वीरगञ्जमा एक कार्यक्रमको आयोजना गरि पत्रकार पसवानलाई सम्मान गरि एको हो । कार्यक्रममा पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य अजय चौरसियाले नगद ५० हजार राशी सहित कदरपत्रबाट पत्रकार पासवानलाई सम्मान गरेका थिए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दिपेन्द्र चौहानले राजनीतिक बाहेक पत्रकारिता क्षेत्रमा स्वर्गीय गोपाल गिरीको निष्ठापूर्ण योगदान गरेको चर्चा गर्नु भएको थियो। पुरस्कृत पासवान राष्ट्रिय सहारा दैनिकका कार्यकारी सम्पादक तथा राष्ट्रिय दलित पत्रकार संघ पर्साका सल्लाहकार पनि हुन्। नेपाल पत्रकार महासंघको बैठकले उक्त पुरस्कार पासवानलाई दिने यस अघि निर्णय गरेको थियो ।पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल, पर्सा महासंघका पुर्व अध्यक्ष अशोक तिवारी ,स्व. गिरीका सुपुत्र गिरिश गिरी, , प्रहरी उपरीक्षक कोमलविक्रम शाह, सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्य लगायतले पुरस्कृत पासवानलाई बधाई दिएका थिए ।

स्व. गिरी २०४७ सालमा पत्रकार महासंघ पर्सा शाखाको अध्यक्ष थिए। तत्कालिन वीरगन्ज उपमहानगरको मनोनित मेयर रहँदा २०६० साल माघ १ गते तत्कालिन माओवादीले गोपाल गिरीको हत्या गरेको थियो । उनै गिरीको सम्झनामा नेपाल पत्रकार महासंघ पर्साले यो पुरस्कार वितरण गर्दै आएको अध्यक्ष अनुपतिवारीले जानकारी दिए ।

यस पुरस्कार बाट यसअघि वीरगञ्जका पत्रकार शत्रुघन नेपाल, ध्रुब साह, प्रताप श्रेष्ठ, महेशचन्द्र गौतम, बिजय भण्डारी, केसी लामिछाने, श्याम बन्जारा, ओमप्रकाश खनाल, कन्हैयालाल केसरी र गया यादव लगायतका सञ्चार कर्मी सम्मानीत भइसकेका छन् ।

## जनकपुरधाममा यूवाद्वारा सामुहिक भोज



१ माघ, जनकपुर ।

माघे संक्रान्तिको अवसरमा जनकपुरधाममा खिचडी भोजको आयोजना गरिएको छ । जनकपुरधाम स्थित जानकी चोकस्थित अंगराज सर सागर )अर गज्जा) पोखरीको डिलमा सामुहिक खिचडी भोजको आयोजना गरिएको छ ।

जानकी यूवा क्लबको आयोजनामा विगत १२ वर्षदेखि खिचडी भोजको आयोजना गरिएको युवा अगुवा सुशील कर्णले जानकारी दिए। धार्मिक सांस्कृतिक तथा यूवाहरु बीचमा हुनुपर्ने भाईचाराको सम्बन्धलाई जोगाउनका लागि माघे संक्रान्तिको अवसरमा सामुहिक भोजको आयोजन हुँदै आएको उनले बताए ।यस खिचडी भोजमा मिथिला संस्कृतिको जगेर्नासंगै विस्तारको लागि यस भोजलाई विगत १२ वर्षदेखि निरन्तरता दिदैं आएको स्थानीय किसन मण्डलले बताए ।यस भोजमा खिचडी, पापड, अचार, दही, चिनी, घ्यू, तील लाईलगायतका परिकारको व्यवस्था गरिएको थियो ।यस सामुहिक भोजमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर , जनकपुरधाम उपमहानगर पालिकाका नगरप्रमुख मनोजकुमार साह, स्थानीय उद्योगी, व्यवसायी, स्थानीय सञ्चारकर्मी तथा समाजसेवीहरुको सहभागिता रहेको थियो ।

## पेट्रोल र डिजेलको मूल्य घट्यो



काठमाडौं। पेट्रोल र डिजेलको मूल्य घटेको छ। नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर एक-एक रुपैयाँ घटाएको छ ।

सोमबार इन्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएपछि निगमले मंगलबार बिहान १ बजेदेखि लागू हुनेगरी नेपाली बजारमा पनि मूल्य घटाएको छ ।

यस सँगै अब चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगन्जमा पेट्रोलको मूल्य प्रतिलिटर १६३.५० र डिजेलको मूल्य १५३.५० रुपैयाँ कायम भएको छ। यस्तै सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर १६५ र डिजेलको मूल्य १५५ रुपैयाँ कायम भएको छ भने काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६६ र डिजेलको मूल्य १५६ रुपैयाँ कायम भएको निगमले जनाएको छ।


सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Subham Sandesh शुभम सन्देश
National DAILY दैनिक



प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८४५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

परवानीपुर गाउँपालिकाको
कार्यालय बारा

# राष्ट्रको गरिबी बाध्यता कि हाम्रै छनोट ?

गरिब राष्ट्र र गरिबीमा बाँच्न विवश समाजमा एक बलियो ‘भ्रमको प्रेतात्मा’ घुमिरहेको हुन्छ- गरिबी एक बाध्यता हो, व्यावहारिक यथार्थ हो, जीवन-सत्य हो । यसलाई स्वीकार गर्नुको कुनै विकल्प छैन । यसबाट मुक्ति पाउने कुनै उपाय छैन ।

संसारभरि नै मान्छे यस्तै गरिबी र दु:खमा बाँचिरहेका होलान् । दुनियाँमा अधिकांश मान्छे हामी जस्तै गरिब होलान् ।मार्क्सवादी विचार धाराले यो भ्रमलाई सघनीकरण गर्न अझ मद्दत गर्दछ। त्यसले यो भन्छ कि पूँजीवादी उत्पादन प्रणाली भएको समाजमा द्वि-वर्ग संरचना हुन्छ । ९५ प्रतिशत मानिस श्रमिक, गरिब वा सर्वहारा हुन्छन् । ५ प्रतिशत मानिस मात्र धनी वा बुर्जुवा हुन्छन् । धनी, बुर्जुवा, सुखी, सम्पन्न वा समृद्ध हुनु भनेको ‘शोषक’ हुनु हो । धनी भएर शोषक कहलिनु भन्दा बरु गरिब नै बाँकी रहनु राम्रो ।समकालीन विश्वलाई पूँजीवादको जगजगी वा दिग्विजयको युग मान्ने दृष्टिकोणबाट आज विश्वभरि ५ प्रतिशत मान्छे मात्र धनी र ९५ प्रतिशत मान्छे गरिब हुनुपर्ने हुन्छ । तर, यथार्थ भने ठीक उल्टो छ । सन् १९७० को दशकसम्म यो धारणा संसारभरि नै निकै बलियो थियो ।

पश्चिम युरोप, अमेरिका, सोभियत संघ र जापान बाहेक अधिकांश देश ‘तेस्रो विश्व’ वा गरिब राष्ट्रमा गणना हुन्थे । यहाँसम्म कि ल्याटिन अमेरिकी तथा पूर्व युरोपेली देश र चीन समेत गरिब मानिन्थे । सन् १९९० देखि २०२३ सम्म ३३ वर्षको आर्थिक विकासक्रम र तथ्यांकलाई हेर्दा विश्व परिदृश्य विल्कुलै फरक भएको छ। सन् १९९० मा विश्व जनसंख्याको ५७ प्रतिशत मानिस निरपेक्ष गरिबीको रेखामुनि थिए, अब ८.५ प्रतिशत मानिस मात्र छन् ।

विश्व जनसंख्या अहिले करिब ८ अर्ब छ भनेर मान्दा अब ६८ करोड मानिस मात्र गरिबीको रेखामुनि छन् । सम्पूर्ण युरोपेली र अमेरिकी राष्ट्र तथा चीनको अधिकांश जनसंख्या हिस्सा गरिबीबाट बाहिर निस्किसकेको छ । खाडी, मध्यपूर्वी तथा अरब देशहरूले यस बीच आश्चर्यजनक आर्थिक प्रगति गरेका छन् । विश्वको तीन वटा क्षेत्रमा मात्र गरिबी मुख्यगरी बाँकी छ अब । पूर्वी एशिया, दक्षिण एशिया र सव-सहारा अफ्रिका । कतिपय अफ्रिकी मुलुकले पनि यस बीच तीव्र आर्थिक विकास गर्दैछन् । दक्षिण अफ्रिका, युगान्डा, घाना, कंगो, रुवान्डा, नाइजेरिया, इथियोपिया आदि देशको तीव्र आर्थिक विकासले सहारा अफ्रिकी क्षेत्रको गरिबी न्यूनीकरणमा ठूलो योगदान गर्दैछ ।सन् १९९० मा यस क्षेत्रमा विश्वका कुल निरपेक्ष गरिबमध्ये ५९ प्रतिशत मानिस बस्थे। सन् २०२२ को अन्त्यसम्ममा यो तथ्यांक ३५ प्रतिशतमा झर्‍यो । दक्षिणपूर्वी एशियामा सन् १९९० मा १४ प्रतिशत निरपेक्ष गरिबी थियो अब १ प्रतिशतमा झरेको छ। तर, दक्षिण एशियाको अवस्था भने अझै पनि निराशाजनक छ। सन् १९९० मा दक्षिण एशियामा विश्वका निरपेक्ष गरिबमध्ये २८ प्रतिशत बसोबास गर्थे, अहिले २४ प्रतिशत छन्। यसले के पुष्टि गर्दछ भने दक्षिण एशियाको गरिबी निवारण दक्षिणपूर्वी एशिया र सव-सहारा अफ्रिकाको भन्दा पनि धेरै कमजोर वा अप्रभावकारी छ । सव-सहारा अफ्रिकामा २४ (५९-३५) प्रतिशतले घट्दा दक्षिण एशियामा (२८-२४) ४ प्रतिशतले मात्र गरिबी घटेको छ । भनिरहनु परेन- दक्षिण एशियामा नेपाल आर्थिक विकासका दृष्टिकोणले अफगानिस्तान पछिको सबैभन्दा कमजोर मुलुक हो। दक्षिण एशियामा मालदिभ्सको प्रतिव्यक्ति आय करिब १२ हजार डलर पुग्दा नेपालको मुस्किलले १४ सय डलर पुग्दैछ । यहाँसम्म कि श्रीलंका र पाकिस्तान जस्ता आर्थिक संकट तथा ऋणको पासोको समस्या सामना गरिरहेका देश पनि नेपालभन्दा माथि छन् ।

भुटान, बंगलादेश र भारतले नेपाललाई दोब्बर बढीले उछिनिसकेका छन् । युद्ध अन्त्य र राजनीतिक स्थिरता हासिल गर्न सके अफगानिस्तानले पनि नेपाललाई पर्खिबस्दैन । सिंगापुर,ताइवान, हङकङ, युएई, कतार, दक्षिण अफ्रिका, युगान्डा, रुवान्डा, इथियोपिया जस्ता देशले पछिल्लो चरणमा गरेको आर्थिक विकास सबै स्रोतसाधन आफ्नै देशभित्र भएर, आत्मनिर्भर र उत्पादनशील अर्थतन्त्र निर्माण गरेर संभव भएको हैनसंसारको सबैभन्दा गरिब उपमहादेश दक्षिण एशियाको दोस्रो गरिब मुलुक हुनुको नाताले हामी नेपालीलाई के लाग्छ भने गरिबी हाम्रो बाध्यता हो । हाम्रो राष्ट्रको विशेषता हो। गरिबी हाम्रो त संस्कार र संस्कृति जस्तो भइसक्यो, संसार पनि यस्तै होला। हामी त सधैं यस्तै थियौं, यस्तै छौं ।

तर, यो विल्कुलै गलत धारणा हो ॥ विवशता हैन, मूर्खता हो । नियति वा अभिशाप हैन, अक्षमता र अयोग्यता हो। विश्वको प्रतिव्यक्ति आय नै १४ हजार डलर, दक्षिण एशियाको सबैभन्दा धेरै माल्दिभ्सको भन्दा पनि बढी भइसकेको छ। विश्व बजारमा अब वस्तु तथा सेवाको अपर्याप्तता छैन । वित्तीय अभाव पनि छैन। प्रश्न अब ‘उत्पादन’ को हैन, ‘वितरण’ को हो। न्यायको हो। यहाँनेर कतिपयले प्रश्न उठाउन सक्दछन्- रहरले कसैले गरिबी छनोट गर्छ ? गरिबी पनि छनोटको विषय हुन्छ कतै ? धनी हुने, सुखी, सम्पन्न हुने इच्छा वा रहर कसलाई हुँदैन ? सबैलाई हुन्छ ? फेरि यो कसरी छनोट हो ? कुन नेपाली नागरिक धनी हुन चाहँदैनन् ? गरिबीलाई रहर वा छनोट भन्न मिल्ला ?मिल्दैन। सही हो, रहरले कोही गरिब रहन चाहँदैन। जानी-जानी कसैले गरिबी छनोट गर्दैन। यो व्यक्ति वा नागरिक तहको प्रश्न हैन। राष्ट्र गरिब रहेर सबै नागरिक धनी हुन सम्भव हुँदैन ।

सबै नागरिक धनी भए राष्ट्र स्वतः धनी हुन्छ। व्यक्तिगत तहमा निश्चित मानिस के सोच्छन्, त्यो कुरा यो बहसमा आकषिर्त हुँदैन । सरल वा सिधा अर्थमा सबै मान्छे, सबै नेपाली धनी नै हुन चाहन्छन् । तर, प्रश्न कहाँनेर हो भने हामीले धनी राष्ट्र बन्न योग्य नीति, योजना तथा कार्यक्रमको विकल्प छनोट गरिरहेका छौं कि छैनौं ? यदि छैनौं भने त्यो गरिबीकै छनोट हो । अबको दुनियाँमा कुनै राष्ट्र धनी हुन चाहन्छ, धनी हुन योग्य विकल्प छनोट गर्दछ भने उसलाई कसैले गरिब राख्न सक्दैन । यदि हामी गरिब छौं भने यो हाम्रो छनोट नै हो, हैन भने हामीलाई कसले धनी हुन रोकेको छ ? कसले गरिब भइराख भनेको छ ?अक्सर हामी भन्छौं कि कुनै देश धनी हुन आत्मनिर्भर तथा उत्पादनशील अर्थतन्त्र चाहिन्छ। यो पूर्णतः गलत धारणा हैन, तर सत्य पनि हैन। परम्परागत आत्मनिर्भरता असंभव कुरा हो । यदि विश्व अर्थतन्त्रको लागतस्तर, मूल्य शृङ्खला, बजार र मुनाफासँग जोडिएन भने उत्पादन भार वा बोझ बन्न पुग्दछ। उत्पादनमा गरेको लगानी खेर जान सक्दछ ।संसारमा पछिल्लो चरणमा जति पनि देश धनी भएका छन्- उत्पादनशील अर्थतन्त्र वा आत्मनिर्भर भएर धनी भएका हैनन्, अन्तर्राष्ट्रिय मूल्य शृङ्खलामा आफ्नो लाभदायक स्थानको खोजी गरेर हो ।

चीन वा दक्षिणकोरियाको उत्पादनशील अर्थतन्त्र यदि विश्वभरिको बजार र निर्यात अवसरको भएको भए टिक्ने थिएन ।सिंगापुर, ताइवान, हङकङ, युएई, कतार, दक्षिण अफ्रिका, युगान्डा, रुवान्डा, इथियोपिया जस्ता देशले पछिल्लो चरणमा गरेको आर्थिक विकास सबै स्रोतसाधन आफ्नै देशभित्र भएर, आत्मनिर्भर र उत्पादनशील अर्थतन्त्र निर्माण गरेर संभव भएको हैन ।अर्को पक्ष- राष्ट्रहरूलाई गरिबीबाट बाहिर निस्कन अब हिजोको युरोपको जस्तो शताब्दीऔं लामो समयावधि पनि लाग्दैन । कुनै राष्ट्र यदि उचित विकल्पको छनेट गरेर तीव्र इच्छा शक्ति र संकल्पका साथ हिंडिरहेको छ भने गरिबीबाट बाहिर निस्कन लाग्ने अधिकतम समय १० देखि ३० वर्ष पर्याप्त हो । त्यसका लागि निरन्तर दुई अंकको आर्थिक वृद्धिदर जरूरी छैन, जो अक्सर भन्ने गरिन्छ । औसत ७ प्रतिशतमाथिको आर्थिक वृद्धिदर काफी हुन्छ ।दुर्भाग्यको कुरा हो कि नेपालले २०४६ सालयता ३४ वर्ष बिताइसकेको छ, यही अवधिभित्र गरिबीबाट बाहिर निस्केर एक मध्यम आय भएको देश बन्न सक्थ्यो ।मानौं कि यस अवधिको एउटा लामो कालखण्डमा माओवादी सशस्त्र युद्ध, अशान्ति, राजा ज्ञानेन्द्र शाहको नाटकीय उदय र अस्वाभाविक तानाशाही, त्यसले निम्त्याएको नयाँ राजनीतिक ध्रुवीकरण, शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणका जटिलता, नाकाबन्दी, महाभूकम्प तथा राजनीतिक अस्थिरता जिम्मेवार रहे। तर, त्यसयताको करिब एक दशकले समेत सही बाटो किन समातेन ?कोभिड-१९ मात्र त्यसो हुनुको पर्याप्त कारण हैन। कोभिड-१९ लाई त संसारका धेरै देशले अवसरमा परिणत गरे। त्यसो गर्न नसक्नेहरूले पनि कोभिड-१९ को कारण उत्पन्न आर्थिक शिथिलता ‘मेकअप’ गरिसके । ती अर्थतन्त्रहरू तंग्रिइसके ।त्यसो भए नेपाल अझै कहाँनेर अल्झिरहेको छ त ? किन नेपाल राष्ट्रका सामु गरिबी एक जीवित सत्य बनेर अझै ठिङ्ग उभिएको छ ? किन मान्छेले यसलाई नियतिका रूपमा स्वीकार गरेका छन् ?हामी विगत दुई दशकदेखि ‘तीन दल र तीन नेता’ को दुष्चक्रभित्र जसरी फसेका छौं- यो हाम्रो बाध्यता हो कि छनोट ? नि:सन्देह बाध्यता हैन, छनोट हो ।

कुनै नेतृत्व बारम्बार व्यावहारिक संपरीक्षणबाट असफल सावित भइसक्दा पनि हामी त्यसप्रतिको मोह त्याग गर्न सक्दैनौं भने त्यो बाध्यता हैन, छनोट होकुनै निश्चित कालखण्डभित्र कुनै राष्ट्र किन धनी हुन्छ र कोही किन गरिब नै रहन्छन् भन्ने विषयमा संसारमा थुप्रै अध्ययन भएका छन् । ती सबैले दिने निष्कर्षको प्राथमिकता क्रम फरक भए पनि फेला पारिएका वा पहिचान गरिएका कारण भने उस्तै उस्तै छन् ।पहिलो कारक त अशान्ति, युद्ध अवस्था र राजनीतिक अस्थिरता हो, भनिन्छ। अफगानिस्तानले भोगिरहेको नियतिसँग यो निष्कर्ष मिल्छ। र, २०५०-२०६० को दशकका लागि नेपालसँग पनि मिल्छ । तर, युद्ध, सशस्त्र विद्रोह वा अशान्ति भन्दा राजनीतिक अस्थिरता अझ कठोर शब्दावली हो ।

देशले भोगेको निरन्तर ‘राजनीतिक अस्थिरता’ र ‘नियन्त्रित अस्थिरता’ को भूराजनीतिक परिप्रेक्ष्यमा हामीले राजनीतिक स्थिरताको कुनै सार्थक खोजी गरेनौं भने त्यो हाम्रो छनोट हो, बाध्यता हैन । हामीले आफ्नो शासकीय स्वरूप र राजनीतिक संस्कृतिमा सामूहिक रूपले किन राजनीतिक स्थिरताको विकल्प छनोट गर्न चाहेनौं ? यो बाध्यता हो कि छनोट हो ? नि:सन्देह छनोट हो ।दोस्रो प्रश्न भ्रष्टाचार र कुशासनको हो। भ्रष्ट र कुशासित मुलुक संसारमा विकसित वा धनी भएको कुनै उदाहरण छैन । तिनै देशहरू प्रतिव्यक्ति आय र मानवीय विकास सूचकमा उच्च स्थानमा देखिन्छन् जुन ट्रान्सपरेन्सीको प्रतिवेदनमा कम भ्रष्ट देखिन्छन् । सन् २००४ यता नेपाल ट्रान्सपरेन्सीको ‘करप्सन पर्सेप्सन इन्डेक्स’ मा सामेल भएको हो ।

दुई दशकमा ३४ अंकभन्दा बढी कहिल्यै पाएन ।भ्रष्टाचार र कुशासन हाम्रो छनोट हो कि बाध्यता ? नि:सन्देह छनोट हो। भ्रष्टाचार र कुशासन अन्त्यको कुनै आर्थिक लागत हुँदैन । भौतिक पूर्वाधार निर्माण तथा मानवीय विकासमा लगानी जस्तो यसका लागि कुनै विशेष योजना, कार्यक्रम र बजेट चाहिंदैन ।जस्तो कि जँड्याहा हुन बरु जाँड किन्ने पैसा चाहिन्छ तर रक्सीको कुलत छोड्न कुनै पैसा चाहिंदैन । रक्सी पिउन छोडिदियो सकियो ।

तर, कुलत यति बलियो भयो कि पुनर्स्थापना केन्द्रमै लगेर उपचार गर्नुपर्‍यो भने फेरि पैसा चाहियो । नेपालका लागि भ्रष्टाचार र कुशासन यस्तै समस्या भइदियो । यो कुलत हामी सबैले छोड्ने हो भने विना लागत देशले समृद्धिको एक आधार प्राप्त गर्थ्यो ।अधिकांश अर्थशास्त्री अचेल यही भन्छन् कि आर्थिक विकास र समृद्धिको कुनै भिन्नै सूत्र हुँदैन ।

समृद्धि सुशासन र स्वशासनको अपरिहार्य प्रतिफल हो। हामीलाई न स्वशासनमा रुचि छ न स्वशासनमा भने गरिबी हाम्रो बाध्यता हैन, छनोट बन्न पुग्दछ। राजनीतिक स्थिरता र सुशासनपछि समृद्धिको तेस्रो अहं आधारशिला संसारभरि नीतिगत प्रष्टतालाई मानिन्छ- सन् १९९० पछिको उदारीकरणका अनेक कमजोरी नभएका हैनन्, तर, विश्वको गरिबी किन यही अवधिमा उल्लेखनीय ढंगले घट्यो ? यसको जगमा रहेको भूमण्डलीकरण र उदारीकरणको प्रभाव र योगदानलाई कसैले अस्वीकार गर्न सक्दैन ।

चीनमा देङ सियाओ पिङले अर्थतन्त्रको सुधार, भूमण्डलीकरण र उदारीकरण अलिक छिटो सुरु गरे, परिणाम पनि छिटो आयो । भार

**बाँकी तेस्रो पृष्ठमा........**

# अन्तर्राष्ट्रिय खबर

## ताइवानको राष्ट्रपति चयनलाई लिएर चीन-अमेरिका वाकयुद्ध

१ माघ, काठमाडौं ।

ताइवानमा नयाँ राष्ट्रपति चयनसँगै अमेरिका र चीनबीच वाकयुद्ध सुरु भएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले नवनिर्वाचित राष्ट्रपति लाइ चेङ तेलाई बधाइ सन्देश पठाएसँगै बेइजिङले वासिंटनलाई कडा चेतावनी दिएको छ ।लाइलाई बधाई दिँदै वासिङ्टनले ताइवानसँग अनौपचारिक सम्बन्ध मात्रै कायम राख्ने प्रतिवद्धताको उल्लंघन गरेको बेइजिङको टिप्पणी छ ।

वासिङ्टनको बधाई सन्देशप्रति आक्रोशित हुँदै चीनले पोखेको आक्रोशबारे बीबीसीले लेखेको छ, ‘ताइवानको स्वतन्त्रता माग गर्नेहरुलाई बल पुऱ्याउने गरी बधाई दिँदै वासिङ्टनले गम्भीर गल्तीको संकेत दिएको छ । ’नवनिर्वाचित राष्ट्रपति लाइ ताइवानको स्वतन्त्रताको प्रखर वकालत गर्ने पात्र हुन् । बेइजिङले नरुचाउने पात्रसँग सहकार्यको सन्देश सहित ब्लिंकेनले बधाई दिएका थिए । ब्लिंकेनको बधाई सन्देश उल्लेख गर्दै बीबीसीले लेखेको छ, ‘ताइवानको ठूलो सहयोगीको हैसियतमा यस क्षेत्रमा शान्ति र स्थायित्व स्थापनाका निम्ति हाम्रो सहयोग जारी रहनेछ । हाम्रो साझा हितको रक्षाका निम्ति लाइ र अन्य दलसँग सहकार्यका लागि हामी उत्सुक छौं । अमेरिकी एक चीन नीतिको आधारमा हाम्रो अनौपचारिक सम्बन्ध लामो समयसम्म कायमै रहनेछ ।’यस बधाई सन्देशमा अमेरिकाले एक चीन नीति अनुसार ताइवानसँग सहकार्य र सम्बन्ध कायम हुने बताए पनि बेइजिङ वासिङ्टनसँग खुशी छैन । ब्लिंकेनको बधाई सन्देशको बेइजिङमा व्यापक आलोचना भएको छ ।कुनैपनि बहानामा ताइवानको राजनीतिक दल वा उम्मेदवारलाई समर्थन दिन नहुने चीनको भनाइ छ । यस्ता गतिविधिले त्यस टापुको स्वतन्त्रताको माग गर्ने पृथकतावादी समूहलाई बल पुग्ने बेइजिङको भनाइ छ ।चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘ताइवानको मामिलामा कुनैपनि बहानामा हस्तक्षेप गर्ने वा औपचारिक संवाद गर्ने गतिविधिलाई चीनले स्वीकार्दैन । अमेरिकाको यस कदम ताइवानसँग सांस्कृतिक र वाणिज्यको अनौपचारिक सम्बन्धको प्रतिवद्धा विपरीत छ । ’ताइवानको नतिजा आउनुअघि अमेरिकाले अनौपचारिक रुपमा प्रतिनिधिमण्डल पठाउँदै त्यहाँका नेताहरुसँग संवाद गराएसँगै बेइजिङ वासिङ्टनसँग थप रुष्ट छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान र विदेश उपमन्त्रीलाई त्यहाँ पठाएका थिए । बाइडेनले समेत ताइवानका नवनिर्वाचित राष्ट्रपतिलाई बधाइ दिएका छन् ।

## ‘भारत जोडो’ अभियानको दोस्रो चरण सुरु

भारतीय कांग्रेसले नेता राहुल गान्धीको नेतृत्वमा थालेको भारत जोडो अभियानको दोस्रो चरण आजदेखि सुरु गरेको छ ।

दोस्रो चरणको यो अभियानलाई ‘भारत जोडो न्याय यात्रा’ नाम दिइएको छ ।मणिपुरको थौबल जिल्लाबाट दोस्रो चरणको अभियान सुरु भएको छ । मणिपुरमा आठ महिना अगाडि भड्किएको जातीय हिंसाबाट थौबल पनि प्रभावित भएको थियो ।

थौबलको खोंगजोम युद्ध स्मारकमा श्रद्धाञ्जली अर्पण गरेपछि गान्धीले अभियान सुरु गर्नेछन् । सन् १८९१ मा अंग्रेज-मणिपुर युद्धमा मारिएकाहरुको सम्झनामा खोंगजोममा युद्ध स्मारक बनाइएको हो ।१४ जनवरीदेखि २० मार्चसम्म चल्ने दोस्रो चरणको अभियान यात्रा पूर्वमा मणिपुरदेखि पश्चिममा मुम्बईसम्म चल्ने छ । यस क्रममा राहुल गान्धी १४ राज्यका ८५ जिल्लामा पुग्ने छन् ।यसअघि भारतीय कांग्रेसले पहिलो चरणको भारत जोडो अभियान सन् २०२२ को सेप्टेम्बर ७ मा कन्याकुमारीदेखि सुरु गरेको थियो ।

यो यात्रा १३६ दिनपछि जम्मु कश्मिर पुगेर समापन भएको थियो । मूल्यवृद्धि, बेरोजगारी र भाजपाको विभाजनकारी राजनीतिविरुद्धसबैलाई एकजुट बनाउने उद्देश्यले कांग्रेसले ‘भारत जोडो’ अभियान सुरु गरेको थियो ।एक नेताले त्यागे कांग्रेसयसैबीच आज दोस्रो चरणको अभियान सुरु गर्दैगर्दा भारतीय कांग्रेसका एक नेताले पार्टी परित्याग गरेको घोषणा गरेका छन् ।

महाराष्ट्रका कांग्रेसका युवा नेता मिलिन्द देवराले साधारण सदस्यसमेत नरहने गरी पार्टी छाडेको घोषणा गरेका हुन् ।उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, ‘आज मेरो राजनीतिक यात्राको अहम अध्याय समाप्त भएको छ ।

मैले कांग्रेसको साधारण सदस्यबाट राजनीनामा दिएको छु । यससँगै यो पार्टीसँगको मेरो परिवारको ५५ वर्ष पुरानो सम्बन्ध समाप्त भएको छ ।’मिलिन्द देवरा कांग्रेसका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्रीसमेत रहिसकेका मुरली देवराका छोरा हुन् । भारतीय कांग्रेस राहुल गान्धीअवस्थाको

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

## पीडितलाई थप.........................

निकायमा बस्नेहरूले आफ्नो जिम्मेवारी मन, वचन र कर्मले निभाउन पछाडि सर्ने ? यस्तो घृणित र आदिमकालीन जंगली अपराध गर्नेहरूलाई त कानुन संशोधन गर ’रै भए पनि थोरै कारावासको सजाय होइन कि, कम्तीमा ५० वर्ष कारावासमा जाक्नुपर्छ।यसै सन्दर्भमा प्रासंगिक हुनसक्ने एक उदाहरण यहाँ पेश गर्न चाहन्छु। करिब १३ वर्ष अगाडिको कुरा हो, अमेरिकाको क्यालिफोर्निया राज्यस्थित रिच्मन्ड शहरमा एकजना १५ वर्षे स्कुले केटीलाई २० जना केटाहरूले सामूहिक बलात्कार गरे। त्यो समूहमा सबैभन्दा ठूलो उमेरको केटाचाहिं २१ वर्षको रहेछ। त्यतिबेला, प्रहरीले उसलाई पक्रेर एक दशमलव २५ मिलियनको जमानीमा मात्र छुट्ने गरेर थुनेको थियो र अन्य संलग्न व्यक्तिहरूको हकमा सुराकी दिने व्यक्तिलाई बीस हजार डलरको पुरस्कार दिने सूचना प्रकाशित गरेको थियो। यो घटना यहाँ उल्लेख गर्नुको कारण न्याय र सुरक्षा दिने निकायले मुद्दाको संवेदनशीलता हेरेर सजाय पनि त्यसैगरी दिनसक्ने कानुन बनाउनुपर्छ अपराध जुनसुकै समाजमा पनि हुन्छ, फरक यत्ति हो,

त्यस्ता अपराध नियन्त्रण गर्ने र न्याय दिलाउन सम्बन्धित पक्ष कति तत्परतासँग लागिपर्छ ?माथिकै घटनालाई तुलना गर्ने हो भने प्रहरीको तदारुकताले अपराधी पक्रिनमा मात्रै होइन, समाजमा सुरक्षा कायम गर्नमा पनि ठूलो भूमिका खेलेको देखिन्छ। अन्त्यमा यति मात्र भन्नु छ, पीडितलाई अझै पीडा थपेर उनको जीवनलाई अझै कष्टप्रद बनाइदिनुको साटो उनलाई सक्दो सहयोग गर्नु अहिलेको महत्वपूर्ण कुरा हो। पीडितलाई भौतिक तथा भावनात्मक सहयोग दिएर समाजमा स-सम्मान बाँच्न पाउने अधिकारको व्यवस्था गरियोस्।साथै, भोलिका दिनमा अरू कुनै महिलाले यस्तो दिन भोग्न नपर्ने

## पुरुषको लागि बुवा बन्ने सही उमेर कुन हो ?



विज्ञहरूको अनुसार उमेर मा वृद्धि सँगै पुरुषको शुक्राणु को गुणस्तर खराब हुन्छ । यसैले जैविक दृष्टिकोणले महिला जस्तै पुरुषमा समेत बुवा बन्ने उपयुक्त उमेर हुन्छ । यद्यपि पुरुषको सम्पूर्ण जीवन शुक्राणु उत्पादन गर्ने क्षमता कायम रहन्छ । तर यसको गुणस्तर खराब भइहाल्छ ।

उमेर २० औं वर्ष देखी लिएर ३० औं वर्ष सम्म पुरुष धेरै सजिलै बुवा बन्ने विज्ञहरू बताउँछन् । चार दशक नाघे पछि समस्या ४० को उमेरमा पुग्दा पुग्दै र यस पछि धेरै पुरुषहरूमा इनफर्टिलिटी ( बाँझोपन) सँग जोडिएको समस्या आउन थाल्छ र बुवा बन्नमा समस्या हुन्छ । ४० वर्ष पछि शुक्राणु माथि वातावरणको असर पर्न थाल्छ र यसमा आनुवंशिक उत्परिवर्तन (जेनेटिक म्युटेसन) हुन्छ जसले गर्दा डीएनए क्षतिग्रस्त हुन्छ । यसले गर्दा प्रजनन क्षमताको सम्भावना कम गर्छ ।

**४० पछि बुवा बन्दा**

४० को उमेर पछि शुक्राणु को गुणस्तर र डीएनए क्षतिग्रस्त हुने कारणले बुवा बने पछि यी बच्चाहरूमा मस्तिष्क सँग जोडिएको विकास कम हुन्छ । यसले गर्दा न्युरोलोजिकल (स्नायु सँग सम्बन्धित) समस्या जस्तै अटिज्म को समस्या हुन सक्छ ।

**कसरी हटाउने बाँझोपना** बुवा बन्नको स्वस्थ शुक्राणु चाहिन्छ । सँगै बाँझोपना को मुद्दा सँग वाट मुक्ति पाउनको लागि सकारात्मक र स्वस्थकर जीवन शैली अपनाउनु पर्छ ।

**धुमपान बन्द गरौं**

धुमपानको अम्मली हरूलाई धुमपान नगर्ने को तुलनामा शुक्राणु कम हुन्छ ।

कुनै पनि रूपमा उपयोग गरिने तमाखु र धुमपान बन्द गर्दा शुक्राणुको गुणस्तरमा सुधार हुन थाल्छ ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

## राष्ट्रको गरिबी बाध्यता............................

तमा पीभी नरसिंह राव र मनमोहन सिंहले केही ढिलो सुरु गरे । परिणाम आउन अलिक ढिलो भएको छ । तर , विगत केही वर्षयताका आर्थिक सूचकले भन्छ कि भारत अब आर्थिक विकासको नयाँ दौडमा सामेल भइसकेको छ, रमिते बनेर किनारामा उभिरहेको मात्र छैन ।

हामी भने एकातिर पूँजीवाद-उदारवाद, साम्यवाद-समाजवाद जस्ता दार्शनिक भ्रमग्रस्त छौं, अर्कोतिर अर्थतन्त्रको उदारीकरण प्रक्रिया चरणमै अड्किएर बसेको छ । अर्थतन्त्रको उदारीकरण र निरपेक्ष नवउदारवादी बजारवादको भिन्नता हामी अझै बुझ्न सकिरहेका छैनौं । समाजवादको नाममा ‘राज्यवाद’ को र उदारवादको नाममा ‘निरपेक्ष बजारवाद’ को पैरवी गर्नेहरू अझै बलिया छन् ।

राजनीतिमा शास्त्रीय साम्यवाद र परम्परागत उदारवादको वर्चस्व कायम रहन्जेल नेपालको समृद्धि असम्भव छ । तर, यो यथार्थलाई कसैले बुझ्न चाहिरहेको छैन भने यो बाध्यता हो कि छनोट ?समृद्धिको चौथो महत्वपूर्ण आधार ‘अवसरहरूको उपयोग’ मात्र हैन, स्वयं ‘नयाँ अवसर हरूको सृजना वा अधिकीकरण’ हो । दुर्भाग्यको कुरा हामीले भएकै अवसर को त उपयोग गरिरहेका छैनौं, नयाँ अवसर सृजना गर्ने त परै जाओस् । देशका आर्थिक अवसर भनेर पहिचान भएका क्षेत्रमध्ये जलविद्युत्को उत्पादन केही बढेको छ, तर अरू सबै क्षेत्र निराशाजनक अवस्थामा छन् । उद्योग र कृषि क्षेत्र सबैभन्दा बढी निराशाजनक छ । सेवा क्षेत्रमा केही स्वस्फूर्त विकास भएको छ, जो पहिलो चरणको उदारीकरणको प्रतिफल थियो ।पाँचौं र अन्तिम कुरा-नेतृत्वको दूरदृष्टि, कल्पनाशीलता, संकल्प र व्यवस्थापकीय सीप । जस्तो कि अहिले युएईको मिथ बजारमा प्रभावशाली छ ।

युएईसँग के थियो ? उर्बरा जमिन थिएन । त्यो समुद्र किनारको मरुभूमि । जैविक विविधता थिएन । भौतिक पूर्वाधार र विकासको लामो इतिहास र विरासत थिएन । लोकतन्त्र र लोकतान्त्रिक नेतृत्व छैन । तेल मात्रै पनि प्रमुख कारण हैन । युएईको अर्थतन्त्रमा तेलले २० प्रतिशतभन्दा बढी योगदान गर्दैन अहिले । तर, त्यसले किन आफूलाई अन्तर्राष्ट्रिय व्यापार र पर्यटनको केन्द्र बनाउन सक्यो ?धेरैले यसको कारण ‘नेतृत्वको गुणस्तर’ लाई मानेका छन् । भलै कि त्यो राजनीतिक रूपमा अधिनायकवादी नेतृत्व हो । विचार धाराले इस्लामिक कट्टरपन्थको पृष्ठभूमिमा किन त्यसले उदार र मध्यमार्गी इस्लामको बाटो रोज्यो ? यी प्रश्न निःसन्देह महत्वपूर्ण छन् ।हामी विगत दुई दशकदेखि ‘तीन दल र तीन नेता’ को दुष्चक्रभित्र जसरी फसेका छौं- यो हाम्रो बाध्यता हो कि छनोट ? निःसन्देह बाध्यता हैन, छनोट हो । कुनै नेतृत्व बारम्बार व्यावहारिक संपरीक्षणबाट असफल सावित भइसक्दा पनि हामी त्यसप्रतिको मोह त्याग गर्न सक्दैनौं भने त्यो बाध्यता हैन, छनोट हो ।समग्रमा नेपाल राष्ट्रको विद्यमान गरिबी नेपालको छनोट हो, बाध्यता हैन ।

जुन दिन नेपालले गरिबीको साटो समृद्धिको छनोट गर्ने छ, नेपाललाई धनी हुनबाट कसैले रोक्न सक्ने छैन । त्यो पनि १०-२० वर्ष भित्र हामी औसत आयस्तरको लक्ष्य हासिल गर्न सक्नेछौं । त्यति नै समयमा यो उपलब्धि हासिल हुन सक्दछ, जति समय हामीले खेर फालिसकेका छौं ।

## राष्ट्रिय बास्केटबल........................

‘फुलकोटमा अन्तर्राष्ट्रियस्तरमा खेल्ने लक्ष्य छ। खेलाडी भएपछि जुनसुकै खेल भए पनि खेल्नुपर्छ।’तर नियमित खेल नहुँदा भने उनीहरुलाई चिन्ता लाग्छ। खेलाडीका लागि जति धेरै खेल भयो उति नै राम्रो हुन्छ।‘घरेलु बास्केटबलमा पनि नियमित खेल हुनुपर्छ। लड टर्म भिजन भयो भने खेलाडीले खेल्ने अवसर पाउँछन्। जति अनुभव भयो त्यति राम्रो हुन्छ’ रिन्छेनले भनिन्, ‘अन्तर्राष्ट्रियस्तरमा पनि हामी सहभागी हुने मात्र नभई जित्ने लक्ष्यका साथ जानुपर्छ। त्यसका लागि नियमित खेल भयो भने टिम बलियो हुन्छ।’बिनामणि पनि यसमा सहमत छिन्, ‘हामी हार्ने भनेर त जाँदैनौं। तर जित्न नसके पनि अन्तर्राष्ट्रिय खेलबाट हामीले हरेक खेलमा केही न केही सिकिर हेको हुन्छौं।’

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक

जि.प्र.का.दर्ता ७८/२०७५/७६

# पीडितलाई थप पीडा नदेऊ

कुरा सन् २००३ को हो। हलिउडको सुविख्यात पुरस्कार 'अस्कर' वितरण हुने दिन थियो। त्यसै क्रममा, त्यस वर्षको एकेडेमी अवार्ड उर्फ 'अस्कर' पुरस्कार पाउनेमध्येमा, बेस्ट डाइरेक्टरको पुरस्कार त्यसताका निकै चर्चित मूभी 'द पियानिस्ट'ले पाएको थियो। अस्कर पुरस्कार दिन थालिएको ७५औं वर्षमा 'द पियानिस्ट' ७ वटा क्याटागोरीमा चयन भएको थियो । जसमध्ये, बेस्ट डाइरेक्टर, बेस्ट एक्टर र बेस्ट एडप्टेड स्क्रिन प्लेमा सोही चलचित्रले पुरस्कार हात पारेको थियो। हलिउडको सबैभन्दा महत्वपूर्ण पुरस्कार प्राप्त गर्ने दिन पियानिस्टका डाइरेक्टर रोमन पोलनस्की भने कार्यक्रममा उपस्थित थिएनन्। उपस्थित नहुनुको कारण अरू केही नभएर उनी अमेरिका बस्दा सन् १९७७ मार्च १० मा एउटी १३ वर्षकी बच्चीलाई बलात्कार गरेकोले, अमेरिकाले उनलाई बलात्कारको मुद्दा लगाएको थियो। पोलनस्कीलाई त्यतिबेला बलात्कार बाहेक, ती केटीलाई गरेको दुर्व्यवहार, ड्रग दिएको इत्यादि समेत ६ वटा मुद्दा लगाइएको रहेछ। त्यो केसमा उनलाई ४८ दिन थुनामा राख्न 'प्लि बार्गेनिङ' गरेर जेल पठाइएछ।

लसएन्जेल्सको 'चिनो स्टेट प्रिजन'मा पनि राखिएको रहेछ। तर पोलनस्की ४२ दिनमै जेलबाट निस्किएछन्। त्यसपछि, अर्का जज लरेन्स लिट्टेनब्यान्डले उनलाई त्यति सजायले नपुग्ने, त्यसको सट्टा ५० वर्ष जेलमा राख्नुपर्ने बताएछन्।सायद, त्यही हुन्छ भन्ने डरले, अन्तिम फैसला नहुँदै, पोलनस्की अमेरिकाबाट भागेछन्। पोल्यान्डमा जन्मिएका पोलनस्कीले फ्रान्सको पनि नागरिकता लिएका रहेछन्; र, उनी फ्रान्समा बसिरहेछन्।सन् १९७८ मा अमेरिका छाडेर हिंडेका पोलनस्की अहिलेसम्म अमेरिका पस्न पाएका छैनन्; कारण, त्यही बलात्कारको केस थियो। उनले बलात्कार गरेकी केटी वयस्क भइसकेपछि, आफूमाथि भएको त्यो जघन्य अपराधमा 'मैले पोलनस्कीलाई माफ गरिदिइसकें, उनले पनि मसँग माफी मागिसके' भनेर सार्वजनिक रूपमै भनिसकिन्।उनले आफ्नो बारेमा मेम्वायर पनि लेखेकी छन्; तर, अमेरिकी सरकारले पोलनस्कीलाई चार दशक भन्दा अगाडि गरेको अपराधमा माफ गरेको छैन। त्यसै भएर उनी अमेरिकासँग अपराधीहरूलाई सुपुर्दगी गर्न नपर्ने देशहरूमा मात्रै जाने र बसोबास गर्ने गर्दछन्। उनी अहिले फ्रान्समा आफ्नो जीवन बिताइरहेका छन्।सन् २००३ मा उनले पाएको अस्कर अवार्ड पनि सन् २०१८ मा फिर्ता लिइयो।

उनले लसएन्जेल्स गएर केस टुङ्ग्याउन गरेको कोसिस पनि सफल भएन। पोलनस्की पनि एकखाले सेलिब्रेटी नै हुन्।हलिउडमा द पियानिस्ट, टेस्, रोजमेरिज बेबी जस्ता थुप्रै सिनेमा बनाएको उनलाई सेलिब्रेटी नै भए पनि अमेरिकाले अहिलेसम्म अपराधी नै ठानेको छ। माथि उल्लेखित घटना एउटा उदाहरण मात्रै हो। खोज्दै जाँदा धेरै उदाहरण भेटिन्छन्। हामीभन्दा अघिल्लो पुस्ताहरूमा वा हाम्रै पुस्तामा पनि महिला वा किशोरी भनेका केवल 'सेक्स अब्जेक्ट' या घरमा काम गर्ने व्यक्ति मात्रै हुन् भन्ने बुझाइ थियो। हामीभन्दा पछिका पुस्ताहरूले त बुझे होलान् भन्ठानेको, अपवादलाई छाडेर, उनीहरू त महिला र किशोरीको बारेमा भानुभक्तको 'बधू शिक्षा' पढेका पुस्ता जस्ता भएछन् !यो युगमा पनि पीडित बालिका तथा महिलाहरूले अझै कति पीडा भोग्दै जानुपर्ने हो ? जुन देशमा 'वैवाहिक बलात्कार' समेतको कानुन छ, त्यही देशमा पीडितले 'म यौन दुर्व्यवहारमा परें वा बलात्कृत भएँ' भन्न खोज्दा, मानसिक तनाव दिएर आत्महत्या गर्ने स्थितिमा पुऱ्याइदिने ?अहिलेका पुस्ताको सोच पढ्दा, देख्दा आश्चर्यमा पारेको छ। त्यो आश्चर्य हो, एनजीओ तथा आइएनजीओले लैंगिक हिंसा/बलात्कार विरुद्ध वकालत गर्न खनाएको पैसो कहाँ जान्छ ?यदि त्यो ठिक ठाउँमा पुगेको भए त पीडितमैत्री समाज हुन्थ्यो होला; न कि, पीडकमैत्री देखिन्थ्यो। वर्षौं वर्षदेखि बालुवामा पानी खन्याए जसरी महिला हकअधिकारको संरक्षण गर्न खर्च गरेको गरेकै देखिन्छ। तर, जब महिलाहरू पीडित हुन्छन् उनीहरूलाई मद्दत गर्ने व्यक्ति र संस्था कम पर्छन्।

उनीहरूलाई जिउँदो हुन त दिइएको छ; तर मानसिक तनाव यति धेरै दिइन्छ कि, परिस्थितिसँग जुद्धा जुद्धा अधमरो बनिसक्छन्। यसको लागि शिक्षितलाई सम्झाउने कि, साक्षर पनि नभएकालाई सम्झाउने ?देशको कानुन बनाउने ठाउँमा पुगेको मान्छे समेत बलात्कार र प्रेमबीचको फरक छुट्याउन सक्तैनन्! उदाहरणको लागि नेपाली कांग्रेसका नेता तथा सांसद चन्द्र भण्डारीले यही पुस २६ गते फेसबुकको भित्तोमा लेखेका छन्, 'बलात्कार कुन अवस्थालाई मान्ने सम्बन्धमा कानुनी व्याख्याको आवश्यकता छ। कस्तो अवस्थालाई प्रेम ? र कस्तो अवस्थालाई बलात्कार? बलात्कार भनेको के हो ? अनि प्रेम के हो ? प्रेम बलात्कारमा परिणत हुन्छ हुँदैन ? परिभाषाको आवश्यकता !'बलात्कार गर्ने व्यक्ति कुनै क्षेत्रको नाम चलेको व्यक्ति हो भने त हुल उसैको पक्ष लिएर समर्थन गर्छ; पीडितको जिन्दगी तहसनहस बनाइदिन्छ।

त्यति ठूलो जघन्य अपराध गर्नेलाई हदैसम्मको दण्ड-सजाय दिनु र दिलाउनुपर्नेमा अपराधीको बारेमा उजुरी नै लिन नमान्ने कार्य गरिन्छ। अझै तल गिरेर सो अपराध लुकाउन सहयोग गर्न सम्पूर्ण पक्ष समेत लागिपर्छ।बलात्कार गर्ने भनेको केवल यौनजन्य हिंसा मात्र होइन, यो त शारीरिक रूपमा बलियोले निर्धोमाथि गरेको सबैभन्दा तल्लोस्तरको अपराध हो। यो भनेको एक मानवले अर्को मानवको अस्तित्व नै मेटाउन गरेको घृणित व्यवहार हो। अझै भन्नुपर्दा बलात्कार गरिएको व्यक्ति या समूहमाथि आफ्नो समूह या व्यक्तिले कहिल्यै माथि नउठोस् भन्ने चाहेर उनीहरूको मनस्थिति गिराउन गरेको आदिमकालीन जंगली र क्रूर व्यवहार हो। बलात्कारीले निरीह बनेकी ती महिलाको शारीरिक अस्मिता मात्र लुट्ने होइनन्; पीडितको मानसिक अवस्था समेतलाई परोक्ष रूपमा उठ्नै नसक्ने गरी ट्रमामा पुऱ्याइदिन्छन्।यो समाजले कहिलेसम्म यौनजन्य हिंसालाई पक्षपोषण गर्दै जाने हो ? कहिलेसम्म लोग्नेमानिसको सर्वोच्चतालाई कदमै धार्मिक देवता माने जस्तो मान्दै जाने हो ? अनि कहिलेसम्म लोग्नेमानिसले जति अन्याय र अत्याचार गरे पनि स्वास्नीमानिसले आफ्नो इज्जत जाने डरले लुकाएर बस्नुपर्ने हो ? अनि कहिलेसम्म कमजोर न्यायप्रणाली र कानुनका नीति-निर्माताहरूको हेल्चेक्र्याइँको शिकार महिलाले नै बन्नुपर्ने हो ?यस्ता मुद्दाहरूको सन्दर्भमा भन्नुपर्दा, पहिले त पीडितलाई आफूमाथि भएको अत्याचारको बारेमा मुद्दा दर्ता गराउनै गाह्रो बनाइदिएको हुन्छ।

मुद्दा अगाडि बढिसकेपछि पनि बलात्कारका पक्षपोषकहरूले पीडितलाई गिद्धले सिनो लुछे झैं लुछ्छन्। अनि कसको हिम्मत हुन्छ पल पल लड्ने भिड्ने गरिरहन ?नेपालको जस्तो समाज, जहाँ महिलाको इज्जत र अस्मिता भनेकै केवल उसको यौनसँग जोडिएको छ। त्यस्तो समाजमा एकाध अपवाद छाडेर कुनै पनि महिलाले 'म बलात्कृत भएँ' भनेर हतपती अगाडि आएर भन्दैनन्।

जो हिम्मत गरेर बोल्छन्, उनीहरूलाई समाजका अघोषित न्यायाधीशहरूले मानसिक प्रताडना दिएर तील तील गरेर जलाउँछन्।यो युगमा पनि पीडित बालिका तथा महिलाहरूले अझै कति पीडा भोग्दै जानुपर्ने हो ? जुन देशमा 'वैवाहिक बलात्कार' समेतको कानुन छ, त्यही देशमा पीडितले 'म यौन दुर्व्यवहारमा परें वा बलात्कृत भएँ' भन्न खोज्दा, मानसिक तनाव दिएर आत्महत्या गर्ने स्थितिमा पुऱ्याइदिने ? पंक्तिकारको यो भनाइ पटक्कै होइन कि, समाजमा अपराध हुँदैन या अपराधी हुँदैनन्। यतिमात्र भन्न खोजिएको हो कि, अझै पनि केवल महिलालाई नै ज्यादाभन्दा ज्यादा पीडित बनाउँदै लैजाने परम्पराको अन्त्य हुनुपर्दैन ? अनि, त्यस्तो अपराध गर्नेअपराधीहरूलाई कारबाही गर्ने र सजाय दिने

बाँकी तेस्रो पृष्ठमा........

# खेल खबर

## राष्ट्रिय बास्केटबल टिमका दुई युवा सदस्य, भविष्यका स्टार

माघ, काठमाडौं। रिन्छेन मोक्तान र बिनामणि योन्जन (१७) नेपाली महिला बास्केटबल टिमको युवा खेलाडी हुन्। १८ वर्षकी रिन्छेन र १७ वर्षकी बिनामणि फरक विधाका बास्केटबल टिमका युवा खेलाडी हुन्।रिन्छेनले गत असोजमा चीनको हान्झाउमा भएको १९औं एसियाली खेलकुदमा थ्री बाई थ्री बास्केटबल खेलेकी थिइन्। जहाँ चार सदस्यीय नेपाली टोलीमा उनी कान्छी थिइन्।बिनामणिले भने गत वर्ष नै माल्दिभ्समा भएको साबा महिला बास्केटबल च्याम्पियनसिपमा खेल्दै फुल कोर्टको बास्केटबलमा डेब्यु गरेकी थिइन्। जतिबेला उनी मात्र १६ वर्षकी थिइन्।राष्ट्रिय टिममा फरक फर्म्याटको टिममा खेले पनि रिन्छेन र बिनामणि दुवैले केही समयअघि नेपाल बास्केटबल संघले आयोजना गरेको यू-१९ राष्ट्रिय बास्केटबल च्याम्पियनसिपमा भने एउटै टिमबाट खेल्दै उपाधि जिते। यी दुईको उत्कृष्ट प्रदर्शनमा बूढानीलकण्ठ बास्केटबल क्लबले उपाधि जितेको थियो। त्यसमा रिन्छेन त मोस्ट भ्यालुएबल प्लेअर (एमभीपी) नै बनिन्। 'लामो समयपछि भएको यू-१९ च्याम्पियनसिपमा उपाधि जित्दै एमभीपी पनि हुँदा धेरै खुशी लाग्यो', रिन्छेनले अनलाइनखबरसँग खुसी साटिन्।गर्ल्समा ५ टिम मात्र भएकोले राउण्ड रोविनमा खेल भएकोले सबैले एकअर्कासँग खेल्न पाएका थिए। 'खेलाडीले धेर खेल खेल्न पाए। एक्सपोजर पनि भयो', दुवैले एकैस्वरमा भने। राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय अनुभव नै लिइसकेकोले दुवैका लागि घरेलु प्रतियोगितामा खेल्न सजिलो पनि भयो। रिन्छेन प्वाइन्ट गार्ड र सुटिङ गार्ड हुन् भने बिनामणि स्मल फरवार्ड र सुटिङ गार्ड पोजिसनमा खेल्छिन्।

प्वाइन्ट गार्डको काम समग्र कोर्टलाई ब्यालेन्ट गर्ने भएकोले रिन्छेनको भूमिका खेलमा धेरै हुन्छ। 'प्वाइन्ट गार्डले फ्लोर ब्यालेन्स गर्नेदेखि सबैलाई कन्ट्रो गर्ने काम गर्छ। त्यसैले कोच अन दी फ्लोर र हर्ट अफ दी टिम पनि भनिन्छ', रिन्छेनले भनिन्। आफ्नो रोलमा खेल्न रमाइलो लाग्ने उनले बताइन्। त्यसका साथै सुटिङ गर्ने पनि उनको जिम्मेवारी हुन्छ। राष्ट्रिय टिमबाट खेल्दाको गौरवरिन्छेन र बिनामणि दुवैले राष्ट्रिय टिमबाट एक-एक प्रतियोगिता मात्र खेलेका छन्। जति खेल खेले पनि राष्ट्रिय टिमबाट खेल्ने हरेक खेलाडीको सपना हुन्छ। त्यो सपना यी दुईले चाँडै पूरा गरे।डेब्यु क्षणमा सबै नर्भस हुन्छ। युवामै त्यो अवसर पाएका उनीहरु पनि केही नर्भस भएका थिए।

तर नेपालको झण्डा अंकित जर्सी लगाएर राष्ट्रको प्रतिनिधित्व गर्न पाउनु गर्वको क्षण रहेको दुवैले बताए। 'नेपालको लागि खेल्न पाउनु ठूलो उपलब्धि हो', दुवैले एकै स्वरमा थपे। 'मेरो डेब्यू नै एसियाडमा थियो। त्यो पनि जापानसँग पहिलो खेल। उनीहरु बलिया थिए। त्यसैले सुरुमा डर पनि थियो, खेल्न सक्छु कि सक्दिनँ भनेर। खेल्दै गएपछि अनुभव पनि हुँदै गयो' रिन्छेनले भनिन्, 'यो पटक धेरै सिक्ने अवसर पायौं। अब अर्को पटक राम्रो गर्न सहयोग हुन्छ।'फुटबलकोर्टबाटै राष्ट्रिय टिममा डेब्यु गर्दा बिनामणिलाई पनि केही डर थियो। उनले साबा च्याम्पियनसिपमा भुटान विरुद्ध अन्तिम खेलमा मात्र अवसर पाइन्। 'म नेपालको लागि खेल्न पर्खिरहेको थिएँ। खेल्नुअघि सम्म नर्भस थिएँ। खेलेपछि रमाइलो भयो', उनले डेब्यू अनुभव सुनाइन्।घरेलु बास्केटबलमा सँगसँगैघरेलु बास्केटबलमा दुवै खेलाडी एकै टिमबाट खेल्छन्।

जुन टिममा गए पनि उनीहरु एकसाथ नै हुन्छन्। सुरुमा रिन्छेन र बिनामणि दुवैको पहिलो क्लब नेपाल पुलिस थियो। त्यसअघि रिन्छेन र बिनामणि दुवैले स्कुलदेखि नै बास्केटबल खेल्न थालेका थिए। जुन यात्रा आफैंमा रमाइलो पनि छ।स्वयम्भू किमडोलकी बिनामणिले रुपिज इन्टरनेशनल स्कुलमा पढ्दा बास्केटबल खेल्न थालिन्। उनलाई बास्केटमा ल्याउने काम पुरुष राष्ट्रिय टिमका मबिन्द्र क्षेत्रीले गरेका थिए। 'मेरो हाइट पनि राम्रो भएकोले मैले खेल्न सक्छु भनेर उहाँले नै प्रेरित गर्नुभयो। अनि म सिधै पुलिस टिममा पुगें' बिनामणिले भनिन्, 'मलाई सुरुमाराम्रोसँग खेल्न पनि आउँदैनथ्यो। त्यहाँ दिदीहरु भएकोले पनि मलाई चाँडै सिक्न सजिलो भयो।'स्कुल सकेपछि प्रिमियर कलेज पुगेकी उनले त्यहाँ पनि कलेजस्तरीय खेलहरु खेलिन्। हाल कक्षा १२ मा अध्ययनरत उनले होम एण्ड अवेको आधारमा भएको अन्तर कलेज बास्केटबलको उपाधि पनि जितेकी छन्।रिन्छेनको यात्रा भने केही फरक छ। उनी बूढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमीमा कक्षा ८ मा पढ्दा नै बास्केटबल खेल्ने हुटहुटी सहित टीआईएमा आवद्ध भइन्।

जहाँ खेलको माहोल राम्रो थियो। 'म बास्केटबल नै खेल्छु भनेर टीआईएमा गएँ। त्यहाँ अनुशा दिदी, श्रेया दिदीहरुले खेल्नुहुन्छ भनेर सुनेकी थिएँ। बास्केटबल खेल्ने वातावरण पनि राम्रो थियो' रिन्छेनले स्मरण गरिन्, 'अहिले हामी दिदीहरुसँगै एउटै टिममा खेल्छौं रमाइलो लाग्छ। एसियाडमा त श्रेया दिदीकै कप्तानीमा खेलें।'स्कुल सकेपछि रिन्छेनले ग्लोबल कलेज अफ म्यानेजमेन्टबाट प्लस टु पढ्दा उनी पनि पुलिस क्लबमा पुगिन्। उनी हाल हेराल्ड कलेजमा इन्टरनेशनल बिजिनेस विषयमा दोस्रो वर्षमा अध्ययनरत छिन् र बास्केटबललाई पनि अघि बढाइरहेकी छन्।उनीहरुले २०७८ सालमा नेबाले आयोजना गरेको लामा टेन्डी स्मृति खुल्ला राष्ट्रिय बास्केटबमला पुलिसबाट खेल्दै उपाधि जितेको थिए। २०७९ असोजमा पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदमा उनीहरुले बागमती प्रदेशबाट खेल्दै रजत पदक जितेका थिए। राष्ट्रिय खेलकुदमा पुलिसको टिम नभएपछि रिन्छेन र बिनामणि सहित पुलिसका खेलाडीहरुले बागमतीबाट खेले। पछिल्लो समय दुवै खेलाडी बूढानीलकण्ठ बास्केटबल क्लबमा पुगेका छन्।

लामो समयसँगै खेलेकोले उनीहरुलाई एक अर्काको बारेमा राम्रोसँग थाहा छ र सँगै खेल्दा सहज लाग्छ। 'हामी पुलिस बागमती बूढानीलकण्ठ जता गए पनि सँगै छौं। त्यसैले हामीलाई सँगै खेल्दा सहज हुन्छ', रिन्छेनले भनिन्।कान्छी भए पनि रिन्छेन भन्दा अघि नै पुलिस क्लब पुगेकी बिनामणि भन्छिन्, 'कोर्ट कसले के गर्छ कसरी खेल्छ हामी दुवैलाई थाहा छ त्यसैले सहज हुन्छ।'बास्केटबल टिम गेम हो। एकले अर्कालाई बुझ्दा खेल्न सजिलो हुन्छ। त्यसैले एक जनाले गल्ती गरे पनि अर्कोले त्यसमा सुधार गर्न सहयोग हुने उनीहरुको भनाइ छ। नेपालको लागि केही गर्ने लक्ष्यबास्केटबल खेल्न थालेपछि आफ्नो व्यक्तिगत विकासदेखि जीवनशैलीमा समेत फरक आइसकेको रिन्छेन र बिनामणिले महसुस गरेका छन्।सुरुमा बोल्न समेत लजाउने उनीहरु खेलाडी बनेपछि अहिले खुल्न थालेका छन्। 'हामीलाई यो खेलले क्यारेक्टर बिल्ड गर्न सहयोग गरेको छ', दुवैले एकै स्वरमा भने।'खेल्न थालेपछि आफूमा धेरै कुरा विकास भएको जस्तो लाग्छ। मिहिनेत गरेर कहीं पुगेको जस्तो लाग्छ। त्यसैले रमाइलो लाग्छ', रिन्छेनले भनिन्।बास्केटबलकै कारण आफूहरु चिनिन थालेको अनुभव उनीहरुले गरेका छन्। त्यसैले अब उनीहरुको लक्ष्य भनेको नेपालको लागि केही गर्ने छ। 'भविष्यमा पनि नेपालको लागि खेल्ने र जिताउने लक्ष्य छ', रिन्छेनले भनिन्।

उनले कुरा नटुंग्याउँदै बिनामणिले थपिन्, 'नेपाललाई एउटा स्तरमा पुऱ्याउने जिम्मेवारी छ। त्यसैमा लाग्ने हो।'दुवै खेलाडीलाई आफ्नै प्रशिक्षणमा डेब्यू गराएका प्रशिक्षक विकास शाहीको नजरमा दुवै जना सम्भावना बोकेका खेलाडी हुन्। 'उनीहरुले भविष्यमा नेपाली टिमका लागि राम्रो गर्न सक्छन्', उनी भन्छन्।थ्री बाई थ्रीमा नेपालको लागि खेलेकी रिन्छेनलाई फुल कोर्टमा पनि नेपालको लागि खेल्ने रहर छ। उनी भन्छिन्,

बाँकी तेस्रो पृष्ठमा........